नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

प.सं.: २०८१।०८२

च.नं.: १६३१

## घुम्ती शिविर सञ्चालन हुने सम्बन्धी सूचना।

मिति २०८१ साल चैत्र २२ गते शुक्रवारका दिन यस नीलकण्ठ नगरपालिकाको वडा नं. ९ स्थित मुरलीभञ्ज्याङ स्वास्थ्यचौकी, धादिङमा यस कार्यालयको आयोजनामा देहायका सेवा सहित एकिकृत घुम्ती शिविर हुने भएकाले उक्त घुम्ती शिविरबाट आफूलाई आवश्यक परेको सेवा लिई मौकाको सदुपयोग गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**घुम्ती शिविरमा उपलब्ध हुने सेवाहरु**

१. चिकित्सक सहितको स्वास्थ्य सेवा
   (क) चिकित्सक तथा स्वास्थ्यकर्मीद्वारा स्वास्थ्य परीक्षण, परामर्श र औषधी वितरण
   (ख) ३० वर्षभन्दा माथिको महिलाको लागि VIA जाँच, स्तन क्यान्सर साथै फिस्टुलाको परीक्षण तथा परामर्श
   (ग) आर्युवेद सेवा
   (घ) आँखाको स्वास्थ्य चेकजाँच
   (ङ) खकार संकलन, परीक्षण तथा परामर्श

२. पशु सेवा
   (क) गोवर परीक्षण तथा परजीविको औषधि वितरण
   (ख) कुकुरको एन्टिरेविज भ्याक्सिनेशन
   (ग) पशु चिकित्सकबाट पशुपन्छीको उपचार तथा परामर्श
   (घ) पशु वन्ध्याकरण

३. जेष्ठ नागरिक तथा अपाङ्ता परिचय पत्र वितरण

४. कृषकहरुलाई परामर्श सेवा

५. सामाजिक सुरक्षा तथा पञ्जिकरण:
   क) लाभग्राही वैंक खाता विवरण तथा बायोमेट्रिक अध्यावधिक
   ख) घटना दर्ता

६. रोजगार तथा कानूनी परामर्श सेवा

**घुम्ती शिविर हुने मिति, समय र स्थान:**

१. मिति: २०८१।१२।२२ गते शुक्रवार
२. समय: विहान १० बजे देखि
३. स्थान: नीलकण्ठ नगरपालिका, मुरलीभञ्ज्याङ स्वास्थ्यचौकी, धादिङ ।

(विष्णुप्रसाद रिजाल)
नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner